कार्यविधि नं........

# टोखा नगरपालिकामा मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) स्थानीय समिति गठन तथा व्यबस्थापन सम्बन्धी कार्यविधि २०७७

कार्यपालिकाबाट स्वीकृत मितिः –- -------- गते

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौं
बाग्मती प्रदेश, नेपाल

**टोखा नगरपालिकामा मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) स्थानीय समिति गठन तथा व्यबस्थापन सम्बन्धी कार्यविधि २०७७**

**<u>प्रस्तावना:</u>** मानव बेचविखन तथा ओसारपसार एक बहुआयामिक, बहुक्षेत्रगत विश्वव्यापी गम्भिर समस्या हो । यस अपराधको जोखिममा जुनसुकै बेलामा जो पनि पर्न सक्छ । मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन२०६४ रनियमावली२०६५ को व्यबस्था बमोजिम मानव बेचविखन तथा ओसारपसार गर्ने कार्यलाई नियन्त्रण गर्न र त्यस्तो कार्यबाट पिडित व्यक्तीको संरक्षण तथा पुनर्स्थापना गर्ने सम्बन्धमा कानूनी व्यबस्था गर्न बाञ्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ तथा टोखा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ बमोजिम टोखानगरपालिका नगर कार्यपालिकाले स्वकृत गरी यो कार्यविधि लागु गरेको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**<u>१.संक्षिप्त नाम र प्रारम्भ:</u>** यस कार्यविधिको नाम “ टोखा नगरपालिकामा मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) स्थानीय समिति गठन तथा व्यबस्थापन सम्बन्धि कार्यविधि२०७७ रहेको छ । यो कार्यविधि स्वीकृती भएको मिति देखि लागु हुनेछ ।

**<u>२. परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) “ऐन” भन्नाले मानब बेचविखन तथा ओसारपसार (नियन्त्रण)ऐन २०६४ सम्झनुपर्छ ।

(ख) “नियमावली”भन्नाले मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) नियमावली २०६५ (प्रथम संशोधन समेत)सम्झनुपर्छ ।

(ग) “मन्त्रालय” भन्नाले नेपाल सरकारको मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) सम्बन्धी विषय हेर्नेमन्त्रालय सम्झनुपर्छ ।

(घ) “प्रदेश मन्त्रालय”भन्नाले वागमती प्रदेश सामाजिक विकास मन्त्रालय सम्झनुपर्छ।

(ङ) राष्ट्रिय समिति भन्नाले मानब बेचविखन तथा ओसारपसार (नियन्त्रण)नियमावली २०६५को दफा ३ बमोजिमको समिति सम्झनुपर्छ ।

(च) “जिल्ला समिति” मानब बेचविखन तथा ओसारपसार (नियन्त्रण) नियमावली २०६५ को दफा ६ बमोजिमकोसमिति सम्झनुपर्छ ।

(छ) “नगरस्तरीय समिति” भन्नाले यस कार्यविधिको दफा ३ बमोजिमको मानब बेचविखन तथा ओसारपसार (नियन्त्रण) कार्यको लागी नगरपालिकामा गठन हुने नगरस्तरीय समिति सम्झनुपर्छ ।

(ज) “वडास्तरीय समिति” भन्नाले यस कार्यविधिको दफा ५ बमोजिमको मानब बेचविखन तथा ओसारपसार (नियन्त्रण) कार्यको लागी नगरपालिका अन्तरगतका वडा कार्यालयहरुमा गठन हुने वडास्तरीय समिति सम्झनुपर्छ ।

(झ) “नगरपालिका” भन्नाले टोखा नगरपालिका सम्झनुपर्छ ।

(ञ) “शाखा” भन्नाले टोखा नगरपालिकाको महिला तथा बालबालिका शाखा सम्झनुपर्छ ।

(ट) “स्थानीय समिति” भन्नाले दफा ३ बमोजिम गठन हुने नगरस्तरीय समिति तथा दफा ५ बमोजिम गठन हुने वडास्तरीय समिति सम्झनुपर्दछ ।

## परिच्छेद-२

**<u>३. नगरस्तरिय समितिको गठन :</u>**

१. नगरपालिका भित्र हुने मानव बेचविखन तथा ओसारपसार गर्ने कार्यलाई नियन्त्रण गर्न र पिडित तथा प्रभावितको संरक्षण र पुनर्स्थापना गर्न देहाय बमोजिमको नगरस्तरीय मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) समिति रहनेछ ।

| | | |
|---|---|---|
| (क.) संयोजक | | नगरपालिका प्रमुख वा प्रमुखले तोकेको व्यक्ति |
| (ख.) सदस्य | | न्यायिक समिति संयोजक वा निजले तोकेको व्यक्ति |
| (ग.) सदस्य | | सामाजिक विकास समिति संयोजक |

| | | |
|---|---|---|
| (घ.) | सदस्य | प्रमुख प्रशासकिय अधिकृत |
| (ङ.) | सदस्य | नगरपालिकाभित्रको प्रहरि कार्यालय प्रमुख |
| (च.) | सदस्य | प्रधानाध्यापक, स्थानीय तहभित्रका सबैभन्दा उच्च तहको विद्यालय |
| (छ.) | सदस्य | संयोजक, रोजगार सेवा तथा सुचना केन्द्र |
| (ज.) | सदस्य | नगरपालिकाभित्र मानव बेचविखन तथा ओसारपसार विरुद्ध क्रियाशील संस्थाको प्रतिनिधि १ जना |
| (झ.) | सदस्य | संयोजकले तोकेको १ जना अधिवक्ता |
| (ञ.) | सदस्य | संचारकर्मी |
| (ट.) | सदस्य | नगर बाल सञ्जाल प्रतिनिधी |
| (ठ.) | सदस्य | स्थानीय उद्योग वाणिज्य संघ/होटल व्यबसायी संघ / ट्रेड युनियन प्रतिनिधी |
| (ड.) | सदस्य | मानव बेचविखन तथा ओसारपसार पीडित व्यक्तिहरु मध्येबाट पालिकाले मनोनित गरेको एक जना उपलव्ध भएसम्म |
| (ढ.) | सदस्य सचिव | शाखा प्रमुख महिला तथा बालबालिका शाखा |

**४. नगरस्तरीय समितिको काम कर्तव्य र अधिकार:**

१. दफा ३ बमोजिम गठित नगरस्तरीय समितिको काम कर्तव्य र अधिकार देहाय बमवजिम हुनेछ ।

- मानव बेचविखन तथा ओसारपसार विरुद्ध स्थानीय अभियान तथा कार्यक्रमहरु तर्जुमा तथा सञ्चालन गर्ने ।
- नगरपालिकाभित्र मानव बेचविखन तथा ओसारपसारसँग सम्बन्धित तथ्याङ्क संकलन, लगत तथा अभिलेख अद्यावधिक गर्ने र नियमानुसार जिल्ला समिति,प्रदेश तथा राष्ट्रिय समितिलाई उपलव्ध गराउने ।

- पिडितको उद्धार, संरक्षण, न्याय तथा पुनर्स्थापनाका लागि आवश्यक अन्तर्निकाय तथा अन्तर्स्थानीय तह समन्वयको कार्य गर्ने ।
- जोखिम रहेका व्यक्तीको तत्काल उद्धार, संरक्षण र पुनर्स्थापनाको कार्य गर्ने ।
- मानव बेचविखन तथा ओसारपसार नियन्त्रणको लागी नगरस्तरीय कोष स्थापना र सञ्चालन गर्ने ।
- विदेशमा पिडित भएका पहिचान भएमा वा त्यस्तो उजुरी वा निवेदन प्राप्त भएमा आवश्यक सहायताका लागि राष्ट्रिय समितिमा प्रेषण तथा समन्वय र सहकार्य गर्ने ।
- सरोकारवालाहरुमा समन्वय, सहकार्य अभिबृद्धि गर्ने र क्षमता विकासगर्ने ।
- नगरपालिकामा रहेका रोजगार प्रवर्द्धन महिला विकास, बालअधिकार प्रवर्द्धन, कृषि विकास पशु विकास जस्ता समुदायमा केन्द्रित कार्यक्रमहरुलाई पीडित तथा जोखिम क्षेत्रका बासिन्दाहरुलाई लक्षित गरी सञ्चालन गर्ने/गराउने ।
- नगरपालिकाभित्र मानव बेचविखन तथा ओसारपसार नियन्त्रणका लागि भए गरेका कार्यक्रमहरुको अनुगमन गर्ने, प्रतिवेदन तयार गर्ने र नगर  समितिमा पठाउने ।
- मानव बेचविखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा वकालत गर्ने र नगरपालिका तथा वडाहरुलाई सुझाव दिने ।
- तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

**परिच्छेद-३**

**५. वडास्तरीय समितिको गठन:** मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) सम्बन्धी विभिन्न कार्यहरु गर्न नगरपालिकाभित्रका प्रत्येक वडाहरुमा देहाय बमोजिमको वडास्तरीय समिति रहनेछ ।

| | | |
|---|---|---|
| १. | वडा अध्यक्ष वा निजले तोकेको व्यक्ति | अध्यक्ष |
| २. | दलित महिला सदस्य | सदस्य |
| ३. | सम्बन्धीत प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि | सदस्य |
| ४. | वडा भित्रका सामूदायिक वा संस्थागत विद्यालयहरु मध्येबाट वडाअध्यक्षले तोकेको एक जना प्र. अ. | सदस्य |
| ५. | मानव बेचविखन विरुद्ध क्रियाशिल गैसस प्रतिनिधी | सदस्य |

| | |
|---|---|
| ६. महिला संस्था /सञ्जाल प्रतिनिधि | सदस्य |
| ७.वडा सचिव | सदस्य सचिव |

**६.वडास्तरीय समितिको काम, कर्तव्य र अधिकार:** दफा ५ बमोजिम गठन हुने वडास्तरीय समितिको काम कर्तव्य र अधिकार देहायबमवजिम हुनेछ ।

(१) स्थानीय आवश्यकता पहिचान, योजना तर्जुमा गर्ने र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने ।

(२) जोखिम रहेका व्यक्तीको तत्काल उद्धार, संरक्षणका कार्य गर्ने ।

(३) मानव बेचविखन तथा ओसारपसार विरुद्ध जनचेतना अभिवृद्धि गराउने ।

(४) वडा स्तरमा क्रियाशिल संघसंस्था सरोकारवाला निकायहरु विच आवश्यक समन्वय तथा सहकार्य गर्ने ।

(५) विभिन्न निकायहरुको समन्वय सहकार्यमा मानव बेचविखन नियन्त्रण,पिडितको उद्धार, संरक्षण, न्याय तथा पुनर्स्थापनाका कार्यमा सहयोग गर्ने ।

(६) वडाभित्र भए गरेका कार्यक्रमहरुको अनुगमन गर्ने, प्रतिवेदन तयार गर्ने र समितिमापठाउने ।

(७) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

## परिच्छेद-४

७. **स्थानीय समितिको बैठक सम्बन्धी कार्यविधि:** स्थानीय समितिको बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम निर्धारण गरिएको छः–

(१) समितिको बैठक कम्तिमा वर्षको ३ पटक तथा आवश्यकतानुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य–सचिवले बोलाउनेछ ।

(३) सदस्य–सचिवले समितिको बैठक बस्ने सूचना र छलफल हुने विषयहरूको सूची १ दिन अगावै समितिका सदस्यहरूलाई उपलब्ध गराउनुपर्नेछ ।

(४) समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिव द्वारा प्रमाणित गरिनेछ।

(८) समितिको बैठक तथा सञ्चालन खर्च नगरपालिकाको नियमानसुार हुनेछ ।

(९) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**<u>८.उपसमिति वा कार्य टोली गठन गर्न सक्ने:</u>**

(१) स्थानीय समितिले आफूले गर्नुपर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नको निमित्त उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलीको काम, कर्तव्य र अधिकार, कार्य प्रकृति अनुसार काममा खटिए वा काम गरे वापत टोली वा सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा सेवा सुविधा तथा अन्य कार्यविधि नगरपालिकाको प्रचलित नियमानुसार समितिले तोकी दिए बमोजिम हुनेछ ।

**९.प्रगति प्रतिवेदन**

१) समितिबाट भए गरेका काम कारवाहीको चौमासिक प्रगति प्रतिवेदन ७ दिन भित्र तथा बार्षिक प्रगति आर्थिक बर्ष समाप्त भएको एक महिना भित्र शाखाले नगरपालिका समक्ष पेश गर्नु पर्नेछ । साथै सो प्रतिवेदन राष्ट्रिय समिति तथा प्रदेश र जिल्ला समितिमा पठाउनु पर्नेछ ।

## परिच्छेद-५

## विविध

**१०. आधार तथा प्रक्रियाहरू निर्धारण:** समितिले यो कार्यविधिमा उल्लिखित कार्यहरूका अतिरिक्त यो कार्यविधिका व्यवस्थाहरूको कार्यान्वयनका लागि आवश्यक आधार तथा प्रक्रियाहरू निर्धारण गर्न सक्नेछ ।

**११. बाधा, अड्काउ फुकाउने**: यो कार्यविधिको कार्यान्वयनका सिलसिलामा कुनै बाधा, अड्काउ परेमा  नगर कार्यपालिकाले त्यस्तो बाधा, अड्काउ फुकाउन सक्नेछ ।